# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व.)
गण्डकी प्रदेश, नेपाल

०७८-५७५०१०
फ्याक्सः ०७८५७५३९३
इमेलः devchulimunicipality@gmail.cc


**प.सं. : ०७९/०८०**
**च.नं. :**

---

**स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ बमोजिम तह कायम / तह वृद्धि गर्ने सम्वन्धी सूचना ।**

**सूचना नं. १०/२०७९/०८०** **सूचना प्रकाशन मितिः २०७९/०७/०२**

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ९ को व्यवस्था अनुसार माथिल्लो तह कायम गर्ने तथा दफा २८ बमोजिम तह वृद्धि हुने पद भन्दा एक तह मुनीको पदमा तोकिए वमोजिमको न्यूनतम सेवा अवधि पूरा गरेका तथा तोकिए वमोजिमका पछिल्ला आ.व.हरुका कार्यसम्पादन मूल्यांकनमा तोकिए वमोजिमको अंक प्राप्त गरेका कर्मचारीहरुलाई सम्वन्धित सेवा, समूह वा उपसमूहभित्रका तहमा तह वृद्धि गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ। स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ३२ वमोजिम नकरात्मक सूचिमा नपरेका, तह मिलानको सन्दर्भमा स्वतः माथिल्लो तहमा कायम हुने पदभन्दा एक तहमुनीको पद तथा तह वृद्धि हुने सन्दर्भमा वृद्धि हुने तह भन्दा एक तह मुनीको तहमा सम्वन्धित सेवा, समूह तथा उपसमूहको पदमा यस देवचुली नगरकार्यपालिका कार्यालयमा कार्यरत स्थानीय सेवाका तोकिएको योग्यता पुगेका इच्छुक स्थायी कर्मचारीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको वेबसाइट www.ocmcm.gandaki.gov.np मा रहेको तह वृद्धि /तह कायम आवेदन फारम डाउनलोड गरी फारममा उल्लेखित विवरण खुलाई सम्भव भएसम्म नेपाली कागजमा प्रिन्ट गरी यस नगरपलिकाको प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराई (दुई प्रति तयार गरी) सूचना प्रकाशन भएको मितिले एक हप्ता भित्र (अन्तिम मितिमा सार्वजनिक विदा भएमा सो को लगत्तै कार्यालय खुलेको दिन सम्म) कार्यालय समय भित्र यस देवचुली नगरपालिकाको प्रशासन शाखामा वुझाउनुहुन सूचित गरिन्छ।

पूनश्चः आवेदन फारम साथ तह कायम/वृद्धि हुने पदभन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियूक्तिको नियूक्ति पत्रको प्रतिलिपि, समायोजन भएका कर्मचारीको हकमा कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेश स्थित स्थानीय तहमा समायोजन भएको समायोजन प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति र स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०७९ को दफा ३२ बमजिम नकरात्मक सूचिमा नपरेको भनी उम्मेदवार स्वयंमले स्वःघोषणा गरी पेश गर्नुपर्ने छ। म्याद नाघी प्राप्त हुन आएका, अपूरो विवरण पेश भएका र तोकिएबमोजिमका कागजात संलग्न नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यस सूचना मार्फत जानकारी गराइन्छ।

..............................
मोहन प्रसाद मरासिनी